
# पुस्तक समीक्षा

**राजन खतिवडा । सन् २०२४ । *होमिसाइड ल इन नाइन्टिन्थ सेन्चुरी नेपाल : ए स्टडी अफ द मुलुकी ऐन्स एण्ड लिगल डकुमेन्ट्स* । हाइडलबर्ग : हाइडलबर्ग युनिभर्सिटी पब्लिशिङ ।**




भारतीय प्राच्यविद्या तथा हिन्दु राजनीतिक, सामाजिक व्यवस्थाका अध्येताहरूले आफ्ना विधाका केही जटिल प्रश्नहरूको उत्तर आधुनिक नेपाली राज्यमा खोज्ने गरेका छन् । धर्मशास्त्रजस्ता प्राचीन सैद्धान्तिक सामग्रीहरू राम्रै मात्रामा रहे पनि उनीहरूको विचारमा हिन्दु न्याय र शासन प्रणालीको व्यावहारिक अभ्यास देखाउने ऐतिहासिक प्रमाण भारतमा कमै भेटिन्छन् । १९औँ शताब्दीका एक ब्रिटिश अधिकारीका अनुसार, "हिन्दु विधान र राजकाजका ऐतिहासिक अवशेष हिन्दुस्तानमा खोज्ने हो भने विरलै मात्र पाइन्छन्" (हज्सन १८३६ : ९४) ।[१] तर उपमहाद्वीपको परिधिमा—भारतीय, तिब्बती र आदिवासी संस्कृतिहरूका समागम मानिने—नेपालमा भने यी अध्येताहरूले एक आधुनिक अधिराज्य भेटे जसले आफूलाई "हिन्दु" मात्र भनेन, धर्मशास्त्रीय मूल्य झल्काउने वर्णव्यवस्था सहितको व्यापक कानूनी संरचना पनि बोकेको थियो । माथिकै लेखकका शब्द सापटी लिने हो भने, "यदि हिन्दु विधिशास्त्रका विशेषताहरू बुझ्ने हो भने हामीले यसको उत्तर नेपालमै खोज्नु पर्ने हुन्छ ।" फलस्वरूप राजपरम्परा, जातव्यवस्था, धर्म र कर्मकाण्ड अध्ययन गर्नेहरूले आफ्ना सैद्धान्तिक अड्चनलाई तथ्यले पर्गेल्न १८औँ र २०औँ शताब्दीबीचको नेपाललाई प्रस्थान बिन्दुको रूपमा लिएका छन् ।

यी विषयभन्दा अघि बढेर राजन खतिवडाको पुस्तक *होमिसाइड ल इन नाइन्टिन्थ सेन्चुरी नेपाल*ले *मुलुकी ऐन*मार्फत राज्यनिर्माण, प्रशासनतन्त्र र राजनीतिक सिद्धान्तका केही बहसहरूमा हस्तक्षेप गर्ने जमर्को गरेको छ । किताबको केन्द्रबिन्दुमा छन् *ऐन*का

[१] यो ब्रायन हज्सनको आफ्नै भनाइ नभएर उद्धृत लेखमा क्याप्टेन हर्बर्ट नामक व्यक्तिले लेखेको परिचयमा गरिएको एक टिप्पणी हो ।

हत्यासम्बन्धी प्रावधानहरू, जसको अध्ययनले खतिवडालाई *ऐन*का वैचारिक तथा व्यावहारिक पक्षबारे चर्चा गर्न सघाउँछ । पहिलो विषयमा उनको निष्कर्ष छ कि *मुलुकी ऐन मानव धर्मशास्त्र* वा *मनुस्मृति* जस्ता सैद्धान्तिक ग्रन्थका ठ्याक्कै नक्कल नभएर बरु राज्य सञ्चालनको निम्ति गोर्खाली शासक वर्गले कोरेको, संवैधानिक चरित्र बोकेको एउटा व्यवहारजन्य नियमावली थियो । त्यस बेलाको खण्डित कानूनी र प्रशासनिक परिवेशमा मौजुदा नियम, प्रचलित रीतिरिवाज र धर्मशास्त्रीय मूल्य-मान्यताहरूलाई एउटै संरचनाभित्र ल्याएर *ऐन*ले नेपाललाई स्थिर कानूनी प्रावधानहरूको जग दियो । दोस्रो, कार्यान्वयनको प्रश्नमा खतिवडाको दलिल छ—हामीसँग रहेका सीमित प्रमाणअनुसार *ऐन*ले अदालती प्रक्रिया र दण्डसजाय दुवैलाई निर्दिष्ट गरेको देखिन्छ । साथसाथै, समग्र *ऐन* र यो बृहत् दस्तावेजको निर्माणको परिवेशलाई लिएर यस किताबले इस्वीको १९औँ शताब्दीको नेपाली राज्य र समाजबारे विभिन्न तर्कहरू प्रस्तुत गर्छ । हत्या सम्बन्धित प्राथमिक स्रोत र तिनका अङ्ग्रेजी उल्थालाई छाड्ने हो भने यो महत्त्वपूर्ण नयाँ अध्ययनको सैद्धान्तिक अन्तरवस्तु *मुलुकी ऐन* नै देखिन्छ ।[२]

खतिवडाको किताबको एउटा राम्रो पक्ष के हो भने यसले हालसम्म *ऐन* र नेपाली कानूनी इतिहासबारे भएका अध्ययनहरूको उपयोगी सारांश दिन्छ र निम्न खण्डमा विभाजित गर्छ : मानवशास्त्रीय, फिलोलजिकल (वाङ्मीमांसा/ऐतिहासिक भाषाशास्त्रीय) र ऐतिहासिक । हुन त यस्तो वर्गीकरण सन्दर्भअनुसार फरक-फरक तरिकाले गर्न सकिन्छ । उदाहरणको लागि, भारतीय प्राच्यविद्यामा विगत शताब्दीमा भएका परिवर्तन, वा पश्चिमी र दक्षिण एशियाली ऐतिहासिक मानवशास्त्र र सांस्कृतिक अध्ययनमा आएका रुझान, वा नेपाली प्राथमिक स्रोत र अभिलेखहरूसम्मको पहुँचको आधारमा पनि *ऐन* बारेका लेखाइलाई छुट्ट्याउन सकिन्छ । यद्यपि, *होमिसाइड ल*ले *ऐन*का अध्ययनकर्तालाई आकर्षित गरेका प्रमुख विषयहरू—जातव्यवस्था र राजकीय नीति, *ऐन* र धर्मशास्त्रको सम्बन्ध, एवम् राणाकालीन दण्डव्यवस्था र अभ्यास हुन् । पुस्तकले यी पक्षबारे राम्रो सर्वेक्षण प्रस्तुत गरेको छ ।

खतिवडाको अनुसार यी अध्ययनले आफ्ना विश्लेषणलाई *ऐन*का केही भागमा मात्र सीमित राखेर र यस्तो विस्तृत दस्तावेजलाई समग्रमा नहेरेर यसका उल्लेखनीय ऐतिहासिक पाटाहरू ओझेलमा पारेका छन् । उदाहरणका लागि *मुलुकी ऐन*को निर्माणले गोर्खाली राजतन्त्र माथिको अङ्कुशलाई संवैधानिकता दियो । राजा र राज्यबीचको अन्तर देखाएर सार्वभौमिकताको पैतृक आधारलाई कमजोर बनायो । र, "कानूनी शासन" लाई स्थापित गऱ्यो । मुलुक बाहिरको परिवेशमा भने उनका अनुसार *ऐन*ले आधुनिक राज्य अनुकूल

[२] *मुलुकी ऐन*को टिप्पणी सहितको नयाँ अनुवाद (खतिवडा, चुबेलिच र मिखाएल्स सन् २०२१) को पनि खतिवडाले सह-सम्पादन गरेका छन् ।

कुटनीतिक मानकहरू लिपिबद्ध गरेर नेपाललाई समकालीन अन्तर्राष्ट्रिय प्रणालीमा अटाउन मद्दत पुऱ्यायो । सङ्क्षिप्तमा, विश्वका विभिन्न ठाउँमा देखिएको कानूनको संहिताकरण, कर्मचारीतन्त्रको पुनर्गठन र आधुनिकता तिरको सुपरिचित दौडमा नेपाल पनि आफ्नै ढङ्गले लाग्यो भन्ने लेखकको दलिल छ ।

हत्यासम्बन्धी बन्देजहरूको पक्षमा भने खतिवडाको रुचि ऐनबारे उनले गरेका तर्कहरूको प्रमाण दिने दिशामा निर्देशित छ । उनी भन्छन्, यो दस्तावेजले पहिलेको जस्तो स्वेच्छिक वा मनमानी हुनसक्ने न्यायनिर्धारणको साटो सकारात्मक कानूनको प्रावधान ल्यायो । यसै गरी प्रजाहरूले बेहोर्ने कानून-बन्देजहरूको कार्यान्वयनमा समानता नभए पनि जातै अनुसारको भए पनि एकरूपता ल्यायो । ब्राह्मण्य धर्मशास्त्र परम्परामा टेक्दा-टेक्दै (जस्तै, गोवध र ब्राह्मण प्राणदण्ड माथिको प्रतिबन्ध) व्यावहारिकता भने त्यागेन (चारपाटा मुडेर ब्राह्मणको सामाजिक मृत्यु र राज्यद्रोह हुँदा मृत्युदण्डको बन्देज खोलिने) । यहाँ किताबका दुई विश्लेषणात्मक योगदानको चर्चा गर्नुपर्ने हुन्छ । पहिलो, यी प्रावधानहरूका वैचारिक संरचनाको प्रस्तुतिबाट *ऐन*का निर्माणकर्ताहरूले हत्याको नियत र दोषको मात्रालाई कानूनबद्ध गर्न खोजेको देखिन्छ । सँगसँगै यौनसम्बन्धी अपराधहरू भन्दा फरक—जसबारे अहिलेसम्मका अध्ययनहरूमा सबैभन्दा बढी चर्चा गरिएको छ—हत्याका प्रावधानमा दोषी र पीडितको सामाजिक पहिचान कमसेकम लिखित रूपमा अलि गौण छ । लेखकको दोस्रो निष्कर्ष ऐनको कार्यान्वयनपछि बटुलिएको प्रशासनिक अनुभव र ज्ञानबारे छ । वि.सं. १९१० मा जारी गरिएको *ऐन* र वि.सं. १९२७ को संस्करणमा देखिएको भिन्नताको आधारमा गरिएको यो तर्कमा उनी थप्छन्—यस परिमार्जनले राणा शासकवर्गले *ऐन*को “संवैधानिक चरित्रमा फेरबदल ल्याएर न्यायालयको पूर्णविकसित स्वायत्ततालाई सङ्कुचित” (पृ. १८७) गरेको पनि देखिन्छ ।

कानून, राज्य सञ्चालन र कुटनीतिका जटिल समस्या सल्टाउने प्रयत्नमा खतिवडाको किताबले *मुलुकी ऐन* जस्ता दस्तावेजमा काम गर्दा उठ्ने एउटा आधारभूत प्रश्नलाई बेवास्ता गरेको छ । जस्तो, लिखित कानूनी सङ्कलन वा संहिताहरू के-कस्ता प्राज्ञिक प्रश्नहरू सम्बोधन गर्न उपयुक्त हुन्छन् र हुँदैनन् ? अथवा, ऐतिहासिक प्रक्रिया, संरचना र सम्बन्धहरू खुलाउन *ऐन जस्तो* बृहत् र जटिल लेखोटलाई कुन विधिले पढ्ने भन्ने कुरा यो पुस्तकले त्यति खुलाउँदैन । यदि *ऐन*लाई राज्य संरचनाको रूपान्तरण र शासन स्थायित्वको साधनको रूपमा बुझ्ने हो भने यी प्रक्रियाहरूमा संलग्न पात्रहरू र उनीहरूको ऐनसँगको सम्बन्ध बुझ्नु आवश्यक हुनजान्छ । जस्तो, के *ऐन*लाई जङ्गबहादुर राणा र उनका साझेदारहरूका राजनीतिक मान्यता र उद्देश्यहरूका दस्तावेजीकरणका रूपमा लिन मिल्ला ? अथवा, यसलाई समाजमा रहेका विभिन्न प्रवृत्ति र शक्तिहरूबीचको अन्तर्विरोधको नतिजा मान्ने, जसमा कसैले *ऐन*का हिन्दु धर्मशास्त्रीय दफामा आफ्नो स्वार्थ देखे र कसैले लोकरिवाज

तथा प्रचलित चलनमा आधारित प्रावधानमा । यो कुरा नखुट्ट्याई *ऐन*को निर्माण, व्याख्यान र कार्यान्वयनलाई केन्द्रीकरण वा हिन्दुकरण मान्ने, संवैधानीकरण कि नौलो कुटनीतिक मान्यताको संस्थापन भन्नेजस्ता विषयमा अन्योल हुनजान्छ ।

राजनीतिक चिन्तन र राज्य सञ्चालनको इतिहास, यी कुरामा आएका परिवर्तन र यिनको औपनिवेशिक भारतसँगको सम्बन्ध पुस्तकमा उठान भएका थप विषय हुन् । उदाहरणको लागि, उजीरसिंह थापाले बनाएको वि.सं. १८७९ को ऐनको विषयमा खतिवडाले यस कानूनको प्राणदण्ड प्रतिको लचिलो रवाफ र भारतीय अदालतहरूलाई गरेको सङ्केतबारे लेखेका छन् । नेपालको कानून र राजनीति सम्बद्ध आधुनिक बौद्धिक इतिहास लेखका निम्ति यी उपयोगी प्रस्थानबिन्दु हुनसक्छन् । तर लिखित रूपमा रहेका वा लोकाचारमा भएका विचार र मान्यताहरू एकअर्कासँग कस्तो संवादमा हुन्छन्, र यीबाट निर्दिष्ट कानून चलाउने र बेहोर्ने समाजका विभिन्न वर्गमा कसरी फैलेलान् भन्ने प्रश्नको उत्तर किताबमा भेटिँदैन । अझ खुलाएर भन्नुपर्दा कुनै पनि लिखित वा अलिखित राजनीतिक वैचारिकी र त्यसको वैधताका आधारहरूको प्रभावबारे लेख्न हामीलाई सामाजिक सञ्चारको एउटा खाका चाहिन्छ । छापा र २०औँ शताब्दी अघिको नेपालबारे हामी अनभिज्ञ नै छौँ । किताबमा प्राचीन र मध्यकालीन नेपालको न्याय र प्रशासनको विवरण त पाइन्छ तर यी कुराले माथिको विश्लेषकीय रिक्ततालाई सम्बोधन गर्न सक्दैन ।

आधुनिक राज्यको अध्ययन गर्न बनेको एकखालको समाजशास्त्रीय शब्दावलीमा धेरै भर पर्नु किताबको अर्को कमजोरी हुन् । यसो गर्दा प्राज्ञिक विवाद र असहमति बाक्लै भएको यो क्षेत्रमा सर्वसम्मति भइसक्यो भन्ने भान दिन्छ ।[३] “सेन्ट्रलाइजेशन” (केन्द्रीकरण), “कन्सटिट्युशनल” (संवैधानिक), “सिभिल ल” (देवानी कानून) वा “जुडिसियरी” (न्यायालय) जस्ता शब्दहरू राज्यको इतिहास लेख्दा अपरिहार्य होलान् । तर कुन प्रक्रिया वा संरचनाको परिवेशमा यी शब्दहरू वा अवधारणाहरूको प्रयोग हुँदैछ भन्ने कुरामा स्पष्टता नहुने हो भने विश्लेषण अपुरो हुनसक्छ । एक छिनको लागि *मुलुकी ऐन*ले गोर्खाली राज्यको केन्द्रीकरण गर्न सहयोग पुऱ्यायो भन्ने टिप्पणीलाई हेरौँ । यो तर्क खतिवडाको मात्र नभई *ऐन*को अध्ययन गर्ने धेरैको मान्यता हो । तर लिखित कानूनमा स्थापित व्यवस्थाले राज्य र प्रशासनमा ल्याउने बदलावहरूलाई परिवेश हेरेर केन्द्रीकरण वा विकेन्द्रीकरण दुवै भन्न सकिने अवस्था छ । उदाहरणको लागि, पूर्व-पश्चिमका अदालती काम-कारबाहीबारे “अैनका किताबमा लेषियाकासम्मका काम कुरा परि आयामा कौसल्मा सोधनु पर्दैन ... अैन बमोजिम् आफैले आटि छिनि दिनु” (श्री ५ को सरकार २०२२ : १७१) भनेर

[३] १९औँ शताब्दीको नेपाली राज्यको अध्ययनमा वेबरसम्बद्ध ऐतिहासिक समाजशास्त्र कति प्रासङ्गिक छ-छैन भन्नेबारे सञ्जोग रूपाखेतीले गरेका कामको फाइदा खतिवडाको किताबले उठाउन सक्थ्यो (रूपाखेती सन् २०१७) ।

*ऐन*मा लेखिएको छ । यो प्रावधान मोटामोटी रूपमा मानिएको पनि छ । यो अवस्थामा काठमाडौँ बाहिरका अड्डा-अदालत र केन्द्रको कौसलबीचको सम्बन्धलाई कसरी वर्णन गर्ने ? राजधानीको न्यायिक हस्तक्षेप कम हुँदा के मोफसलका डिठ्ठा विचारीहरूलाई शक्तिसन्तुलनमा फाइदा पुग्यो होला ? कि कानूनी प्रक्रिया लिपिबद्ध भएको अवस्थामा काठमाडौँका शासकवर्गलाई जिल्लाका अधिकारीहरूलाई व्यवस्थित तरिकाले नियन्त्रण गर्न सजिलो पर्न गयो ? अतिरिक्त ऐतिहासिक सूचनाबिना न्यायिक प्रावधानका स्थिरता मात्रले आफैमा केन्द्रीकरण वा विकेन्द्रीकरण निम्त्याउँछ भन्न गाह्रो छ । कानूनी संहिताको निर्माण, प्रशासनिक एकरूपता र आधुनिक राज्यनिर्माण सँगसँगै जान्छन् भन्ने तर्क पनि कमजोर हुन जान्छ । यो विषयमा युरोपेली राज्य र यिनका उपनिवेशहरूको अध्ययन गर्दा बनेका सैद्धान्तिक अवधारणा र शब्दावली मात्र नभएर उस्मानी र चीनिया साम्राज्यजस्ता एशियाली शासकीय इकाइबारे भएका अध्ययनलाई पनि समावेश गर्दा विश्लेषण अझ परिष्कृत हुनसक्छ ।

महत्त्वपूर्ण अध्ययन हुँदाहुँदै पनि यस पुस्तकले एउटा अवसर भने छुटाएको छ । त्यो हो, यो गोर्खाली विजयपछिको आधुनिक नेपाली राज्य र समाज एवम् त्यस समयअघिको मध्यपहाडी र आसपासका समथर क्षेत्रमा रहेका राज्य र समाजहरूको कानूनी इतिहासको सम्बन्ध । इस्वीको मध्य-१८औँ शताब्दीपछिको नेपाली समाज र सत्तामा स्थापित भएका—र केही हदसम्म अझै शक्तिशाली रहेका—सैन्य, पुजारी, प्रशासनिक र व्यापारिक खलकहरूबारे हामीसँग आधारभूत जानकारी छ । विस्तारित गोर्खाली राज्य निर्माणको क्रममा यी समूहहरूले पक्कै पनि आफ्ना विगतका कानूनी, प्रशासनिक र कुटनीतिक मूल्य-मान्यता, चालचलन, प्रविधि र अनुभवमै भर परे होलान् । यो खालको न्यायिक वा प्रशासनिक निरन्तरताको इतिहास लेख्न दस्तावेजको उपलब्धताका केही अपेक्षाकृत कठिनाइहरू छन् । तर यस प्रकारका प्रश्न सोध्न थालेमा अझै सघन रूपमा नखोतलिएका अभिलेखहरू र सन् १९५० को दशकदेखि फाटफुट मात्रामै भए पनि प्रकाशनमा आएका स्रोतहरूको सदुपयोग हुन्थ्यो होला । *ऐन*को निर्माणलाई डोऱ्याउने विभिन्न तत्त्वबारे प्रकाश पार्दा यो दस्तावेजमा एक होइन अनेक आवाज हुनसक्ने सम्भावना खतिवडाले देखाउँछन् नै । आउने अध्ययनहरूको चुनौती *ऐन*मा एकात्मकता खोज्नु नभएर यसमा अन्तर्निहित सामाजिक र बौद्धिक इतिहासका फरक-फरक धारहरू छुट्ट्याउनु हुनेछ ।

## सन्दर्भ सामग्री

श्री ५ को सरकार । २०२२ । *श्री ५ सुरेन्द्रविक्रम शाहदेवका शासनकालमा बनेको मुलुकी ऐन* । काठमाडौँ : कानून किताब व्यवस्था समिति ।

Hodgson, Brian Houghton. 1836. On the Administration of Justice in Nepal with Some Account of the Several Courts, Extent of Their Jurisdiction, and Mode of Procedure. *Asiatic Researches* 20: 94–134.

Khatiwoda, Rajan, Simon Cubelic and Axel Michaels. 2021. *The Muluki Ain of 1854: Nepal's First Legal Code*. Heidelberg: Heidelberg University Publishing.

Rupakheti, Sanjog. 2017. Beyond Dharmashastras and Weberian Modernity: Law and State Making in Nineteenth Century Nepal. In *Law Addressing Diversity: Pre-modern India and Europe in Comparison*. Thomas Ertl and Gijs Kruitjtzer, eds., pp. 169–196. Berlin: De Gruyter.

**शुभाङ्ग पाण्डे**
युनिभर्सिटी अफ क्यालिफोर्निया, लस एन्जलस